बडा दशैंको शुभकामना

# अर्थ सवाल

Artha Sawal Weekly

साप्ताहिक

वर्ष ८, अंक १४, २०८० कात्तिक २ गते बिहीबार (19 October 2023 Thursday) मूल्य रू. १०।-


## मेडिकल कलेजसँगै खुल्यो सृजना इलेक्ट्रोनिक पसल



काठमाडौं । काठमाडौं मेडिकल कलेज जोरपाटीमा सृजना इलेक्ट्रोनिक पसल खोलेको छ । एउटै छातामुनि सबै ब्राण्डको मोबाइल पाइने होलसेल पसल सञ्चालनमा ल्याइएको हो । पसलको उद्घाटन प्रतिनिधि सभाका काठमाडौं ३ बाट निर्वाचित सांसद तथा अर्थ समितिका सभापति सन्तोष चालिसेले गरेका हुन् । पसल उदघाटन समारोहमा गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख दिपक रिसाल, नगर उपप्रमुख सान्नानी लामा, वडा ८ का अध्यक्ष नन्दलाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । विगत १५ वर्षदेखि काठमाडौं गोकर्णेश्वरको अत्तरखेल भगवतीस्थान चोकमा रहेका सृजना इलेक्ट्रोनिक शप थप सुविधासहित मेडिकल कलेज नजिकै सञ्चालनमा ल्याइएको हो । पसलबाट विभिन्न ब्राण्डका मोबाइल किन्न पाउनुका साथै रिपेयरिंगको सुविधासमेत पाइने सृजना इलेक्ट्रोनिक शपका सञ्चालक कुमार नेपालीले अर्थ सवाल साप्ताहिकलाई जानकारी दिएका हुन् । उनले मोबाइलका हरेक पार्टसमेत उपलब्ध गराइने बताए ।

### मुलुकको कूल वार्षिक आय बराबरको रकम बेरूजु

# दशैंले कति बढाउला बजार अर्थतन्त्र ?



**यादव देवकोटा/अर्थ सवाल साप्ताहिक**

चरम आर्थिक संकटको अवस्थाका बिच नेपालीहरु महान पर्व बडा दशैं मनाउने तयारीमा धुमधामसंग जुटिरहेका छन् । आर्थिक संकटले महामारीकै रुप लिएको टड्कारो रुप बजारमा देखिएको छ । जनताको क्रयशक्ति घटेको छ भने बजार भाउ अकाशिएर चाडपर्व मान्नै नसक्ने अवस्था सिर्जित छ । सरकारले आर्थिक अवस्थामा सुधार आएको र चिन्ताको अवस्था छैन भन्दै केही समय अघिसम्म दावी गरिरहे पनि अहिले आएर साँचो कुरा बोल्न थालेको छ । अर्थतन्त्र समस्यामा परेको सरकारको स्वीकारोक्तिका बिच आम जनतामा भावि दिनमा कस्तो अवस्थाको सामना गर्नुपर्ने हो भन्ने चिन्ता जागृत छ ।

मुलुकको अर्थतन्त्र सुधार्ने वा यसलाई सजीव राख्ने अनेक उपायहरु नभएका होइनन्, तर सरकारले त्यतातिर ध्यानै दिन सकेको छैन । नीतिगत रुपमा भैरहेका अनैतिक कामप्रति सरकारको चासो नहुँदा राष्ट्रिय ढुकुटीमा लुटधन्दा अरु मौलाइरहेको छ । यसको प्रत्यक्ष उदाहरण बेरुजु पनि हो । यस वर्ष महालेखा परीक्षकको कार्यालयले राष्ट्रपतिसमक्ष पेश गरेको प्रतिवेदनअनुसार मुलुकमा कुल नौ खर्ब रुपैयाँभन्दा बढी बेरुजु रहेको पाइएको छ । यो रकम देशको कुल वार्षिक आय बराबर हो भने बजेटको आधा हिस्सा । बेरुजु बढाउने सर्वसाधारण जनता होइनन् । शासन-प्रशासन हाँक्नेहरु नै हुन् । महालेखाको प्रतिवेदनमा निर्वाचित जनप्रतिनिधिदेखि मन्त्रालय, पालिका तथा अन्य सरकारी निकायका कर्मचारीहरूकै कारण बेरुजुको चाङ बढेर गएको हो । यो बेरुजुको आँकडा अत्यास लाग्दो छ । हाल

बाँकी पृष्ठ ७

## सम्पादक बोहोरा सम्मानीत



काठमाडौं । अर्थ सवाल साप्ताहिकका सम्पादक रमेश कुमार बोहोरा सम्मानीत भएका छन् । मिलाप मासिकद्वारा आयोजित विशेष समारोहमा प्रमुख अतिथि रहेका पूर्वउपराष्ट्रपति परमानन्द झाले बोहोरालाई सम्मान गरेका हुन् ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्यसमेत रहेका बोहोरालाई 'मिलाप पत्रकारिता सम्मान २०७९' बाट सम्मान गरिएको हो । बोहोरा बिगत १६ वर्षदेखि निरन्तर पत्रकारितामा सक्रिय छन् ।







## अर्थ सवाल साप्ताहिकका लागि:

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाईं (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुईंकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

**कार्यालय :**
काठमाडौं. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


# सत्ता पक्ष र प्रतिपक्षको असफलता र क्रान्तिकारी सरकारका कुरा



डा. केशव देवकोटा

नेपालमा पछिल्लो समयमा बिचित्रका राजनीतिक गतिबिधिहरु देखिन थालेका छन् । बहुदलीय संसदीय व्यवस्थामा हरेक सरकारहरु निर्वाचनमार्फत जनताले दिएको जनादेशका आधारमा गठन हुन्छन् । ०७९ मंसिर १० मा भएको निर्वाचनले कुनैपनि दल र गठबन्धनलाई स्पष्ट बहुमत दिएको थिएन । तथापि नेकांको नेतृत्वमा एमालेसहितको सरकार र माओवादी केन्द्र प्रमुख प्रतिपक्षमा रहेको भए निश्चय नै देशमा राजनीतिक स्थायित्वको अवस्था आउने थियो । तर एमालेले बिचैमा माओवादी केन्द्रका अध्यक्षलाई प्रधानमन्त्री बनाएर सरकार गठन गरिदिँदा अस्थिरताको बिजारोपण भयो । माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री दाहालले बिचैमा सत्ता गठबन्धन परिवर्तन गरेर नेपाली कांग्रेसलाई सरकारमा भित्र्याउने र एमालेलाई हटाउने खेल खेल्दा राजनीतिक अस्थिरताले थप झाँङ्गिने मौका पायो । आज प्रमुख प्रतिपक्षमा पुगिसकेको एमाले फेरि सत्तामा पुग्ने खेलमा लागेको छ । उसले जिम्मेवार प्रतिपक्षको भूमिकानै निर्वाह गरेन । जसलेगर्दा सरकारका साथै प्रमुख प्रतिपक्ष पनि देश र जनताप्रति उदासीन देखिन पुगेका छन् । एमालेले पहिलो त संसदको तेश्रो दललाई सरकारको नेतृत्वमा पुऱ्याउनु हुने थिएन । नपुऱ्याउनु पुऱ्याएपछि कुनै हालतमा पनि सरकारबाट बाहिरिनु हुने थिएन । त्यसैगरी सरकारबाट बाहिरिएर प्रमुख प्रतिपक्षी दलको मान्यतालाई स्वीकारी सकेपछि त्यसको घोषित मान्यताअनुसार काम गरेको हुनुपर्ने थियो । संसारमा जहाँ पनि प्रमुख प्रतिपक्षी दललाई छायाँ सरकारका रुपमा लिने गरिन्छ । प्रतिपक्षी दलले औपचारिकरुपमै त्यस्तो छायाँ सरकार गठन गर्ने चलन छ । एमालेले पनि ०४६ को राजनीतिक परिवर्तनपछि पटक, पटक छायाँ सरकार गठन गरेर राज्यका हरेक कुराहरुमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएको थियो । जसले गर्दा जनस्तरमा उसको प्रभाव पनि प्रबल थियो । तर यस पटक एमालेले त्यो भूमिका निर्वाह गर्न सकेन अथवा चाहेन । सत्ताबाट बाहिर भएपछि पनि उ सत्ताकै वरिपरी घुमिरह्यो । नेकां र माओवादी केन्द्र सहितको नौ दलीय सत्ता गठबन्धन रहेपनि एमाले नेकां र माओवादी केन्द्रको तीन दलीय अनौपचारिक गठबन्धन पनि क्रियाशील भएको र एमाले त्यसैमा रमाउन थालेको देखियो । यतिबेला एमाले न सत्तारुढ दल न प्रमुख प्रतिपक्षको अवस्थामा रहेको छ । यो देशको सत्तापक्ष र प्रमुख प्रतिपक्ष दुबै असफल भएको अवस्था हो । यस्तो घटना भएपछि संसद बाहिर रहेका देश र जनताप्रति जिम्मेवार दलहरुले शासन सत्तामा हस्तक्षेप बढाउनु जरुरी हुन्छ । त्यसै भएर होला मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले संकटग्रस्त बन्दैगएको वर्तमान दलाल तथा नोकरशाही एवं सामन्तवर्गीय राज्यसत्ता र संसदीय व्यवस्थाको बिकल्प तथा अग्रगामी रुपान्तरणका लागि राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने, क्रान्तिकारी संयुक्त मोर्चा गठन गर्ने, अस्थायी क्रान्तिकारी सरकार र जनसंविधान निर्माण गर्ने तात्कालिक राजनीतिक कार्यनीति अघि सारेको देखिएको छ । गत असोज १६ देखि २१ गतेसम्म बसेको सो पार्टीको केन्द्रीय समितिको बैठकले उपरोक्त कार्यनीति अगाडि सारेपनि त्यसको कार्यान्वयन थालिएको छैन । हुन त यसअघि नै सो पार्टीले 'नेपालको राजनीतिक समस्याको मुख्य जड ०७२ को संविधान' भएको ठहर गरिसकेको थियो । तर त्यसअनुसार बिभिन्न संसदवादी र क्रान्तिकारी पार्टीहरुसँग वार्ता पनि गरेको छैन भने जनसंविधान निर्माणका लागि बिभिन्न स्थानमा जनसभा गरेर सुझावहरु संकलन गर्नुपर्नेमा त्यो पनि गर्नसकिरहेको छैन । शान्तिपूर्ण भेला र आन्दोलनगर्न पाउने हालको अवस्थामा उसले त्यो अवसरको उपयोग गर्न ढिलाइ गरिरहेको देखिएको छ ।

जन संविधानको निर्माणका लागि तत्कालै अस्थायी क्रान्तिकारी सरकारको घोषणा हुनुपर्नेमा त्यो पनि हुनसकेको छैन । उसले संसदमा रहेका र नरहेका अन्य दलहरुलाई समेत समेटेर तत्कालै त्यस्तो सरकारको घोषणागर्न सकेको खण्डमा नेपालको राष्ट्रिय राजनीतिमा बेग्लै प्रभाव पर्नसक्ने अवस्था छ । जसमा बिषय बिज्ञलाई सरकारमा सहभागी गराएर संसदीय सरकारका गतिबिधिहरुमा अनुसन्धानमूलक र हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सकिन्छ । कस्तो देखिएको छ भने क्रान्तिकारी कम्युनिष्ट पार्टीले नेपालको राजनीतिक अस्थिरताको मुख्य जड ०७२ को संविधान भएको एक पत्रकार सम्मेलनमार्फत सार्बजनिक गरेलगत्तै नेपालका लागि युरोपियन यूनियन(इयू) का नवनियुक्त राजदूत भेरोनिक लोरेन्जोले पनि एक पत्रकार सम्मेलन गरेर नेपालको संविधान र संघीय शासन जोगाउन आफूहरुले लगानी गरिरहेको र अब पनि सो सहयोगलाई निरन्तरता दिने घोषणा गर्नुभएको छ । राजदूत लोरेन्जोले पत्रकारहरुसँग कुरा गर्दै नेपालले संघीय शासन व्यवस्था अपनाएका कारण आफूहरु त्यसलाई जोगाउन सन् २०२६ सम्मका लागि नेपाललाई तीन खर्ब (तीनसय विलियन) युरो सहयोग गर्नेगरी इयूको कार्यक्रम रहेकोसमेत बताउनु भएको थियो । जसलेगर्दा ०६३ पछि नेपालमा संविधानसभाबाट संविधान बनेको र त्यसअनुसारको राजनीतिक ब्यवस्था लागूगराइएको भनिएपनि यथार्थमा यहाँको बिद्यमान राजनीतिक व्यवस्था र ०७२ को संविधान विदेशीबाट प्रायोजित रहेको स्पष्ट भएको छ । ०६३ पछि संविधानसभालाई संघीयता, धर्मनिरपेक्षता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीलगायत केही प्रावधानहरु पूर्बशर्तहरुको भारी बोकाइएको थियो । संविधानसभाले स्वतन्त्र र निष्पक्ष एबं बिधिसम्मतरुपमा संविधानको निर्माण गर्न नपाएका कारण हालसम्म पनि बिद्यमान राजनीतिक व्यवस्था र ०७२ को संविधान सर्बसम्मत हुन नसकेका हुन् । विदेशी हस्तक्षेपकै कारण ०६३ मा भएको बृहत् शान्ति संझौता पनि टुंगोमा पुग्न सकिरहेको छैन । ०६३ पछिको १७ बर्षको अवधीमा नेपालका नदी र खोलाहरुमा धेरै पानी बगिसकेको छ । जनयुद्धकालीन माओवादी र ०६२ मा दिल्लीमा १२ बुँदे सहमतिमा हस्ताक्षर गर्ने सात दलको गठबन्धन छिन्नभिन्न भैसकेको छ । तत्कालीन अवस्थामा माओवादीका मुख्य कमाण्डर मानिएका पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईका बिचमा पनि फाटो भएको छ । पछिल्लो समयमा माओवादीका कतिपय घटकहरुले तत्कालीन जनयुद्धका कमाण्डर भनिएका दाहाल र डा. भट्टराईलाई प्रतिक्रियावादी खेमामा पुगेकोभन्दै आफ्ना प्रतिनिधि मान्न छाडेका छन् । नेकां र माओवादी केन्द्रलगायतका नौ दलले गठबन्धन बनाएर नेपालको सरकार कब्जा गर्नुको रहस्य पनि खुलेको छ । क्रान्तिकारी कम्युनिष्ट पार्टीले राष्ट्रिय राजनीतिक सम्मेलन चुनावभन्दा ठिक उल्टो बाटो भएको जनाउँदै संसदवादीहरुले गर्ने चुनाव गोलचक्करको बाटो भएको स्पष्ट गरेको छ । राष्ट्रिय राजनीतिक सम्मेलनले प्राप्त उपलब्धिको रक्षा पनि गर्छ र नयाँ प्राप्ति गर्ने जनसंविधान निर्माण गर्दै जनगणतन्त्र स्थापना गर्छ । सो पार्टीले वर्तमान दलाल पूँजीवादी व्यवस्थाले देशमा बेथिति, महँगी, भ्रष्टाचार र राष्ट्रघात लादेको ठहर गरेको छ । जनताले यो सत्ता र सरकारको बिकल्प खोजेकाले देशभक्त, जनवादी र क्रान्तिकारीहरुको राष्ट्रिय संयुक्त सरकार आवश्यक परेको बताउने गरिएको छ । क्रान्तिकारी कम्युनिष्ट पार्टीले सरकारले पेट्रोलियम पदार्थको ब्यापारमामात्रै ८० प्रतिशतभन्दा बढी मुनाफा गरेको, कालो बजारी नियन्त्रण गर्न नसकेको, ३५ भन्दा बढी राजबन्दीहरु अझै अन्यायपूर्वक जेलमै रहेको, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरु झनै विकराल बन्दैगएको र यो दलाल पूँजीवादी सत्ता र सरकारले समस्या समाधान गर्ने लक्षण नदेखिएकाले देशभक्त, जनवादी, क्रान्तिकारीहरुको संयुक्त सरकार आवश्यक रहेको ठहर गरेको देखिन्छ । अब देशभक्त, क्रान्तिकारी, जनवादी तथा वामपन्थी शक्तिहरुलाई गोलबन्द गरी राष्ट्रिय राजनीतिक सम्मेलन गरिने बताइएको छ । सो सम्मेलनद्वारा निर्मित क्रान्तिकारी संयुक्त मोर्चामार्फत गरिने प्रभावकारी जुझारु जनसंघर्ष र प्रतिरोध संघर्षका बिचबाट देशभक्त, क्रान्तिकारी, जनवादी तथा वामपन्थीहरुको अस्थायी संयुक्त सरकार गठन गरिने पनि भनिएको छ ।

उक्त सरकारले संघर्षका उपलब्धिको रक्षासहित राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा आधारित तात्कालिक कार्यक्रमको कार्यान्वयन गर्ने र पुरानो संविधान खारेज गरी दलाल तथा नोकरशाही पूँजीवाद, सामन्तवाद र साम्राज्यवादविरोधी अन्तर्वस्तुमा आधारित जनसंविधानको निर्माणका लागि आधार तयारपार्ने योजना क्रान्तिकारीहरुले बनाएको देखिएको छ । जसको अन्तिम लक्ष जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादमा जाने रहेको देखिन्छ । नेकां, एमाले र माओवादी केन्द्रलगायतका दक्षिणपन्थी र संसदवादी पार्टीहरुले निर्वाचनमार्फत प्राप्त जनादेशअनुसार काम गर्न नसकेकै कारण देश फेरि राजनीतिक परिवर्तनको संघारमा पुगेको छ । माओवादी केन्द्रका अध्यक्ष दाहालले निर्वाह गरेको भूमिका र कतिपय स्थानमा दिएका जातिवादी अभिब्यक्तिका कारण यो सरकार बिघटनको संघारमा पुगेको देखिन्छ । नेपाली कांग्रेसका अधिकांश नेताहरुले बर्तमान सरकार र मुख्यत प्रधानमन्त्री दाहालको चर्को आलोचना गरेका छन् । देशका कार्यकारी प्रमुख प्रधानमन्त्री आफै लाखौं जनता सडकमा उतार्ने सोचमा रहेको देखिएको छ । उहाँले ०७९ मंसिर चारको निर्वाचन अघिदेखि हालसम्म नै त्यस्ता अभिब्यक्तिहरु दिंदै आउनु भएको छ । सरकारको नेतृत्व गरिरहेका ब्यक्तिले नै त्यस्तो जनता सडकमा उचार्ने अभिब्यक्ति दिनु देशमा थप अराजकता सिर्जना गर्ने प्रयास हो । सबैलाई समेटेर अगाडि बढ्नेतर्फ बर्तमान प्रधानमन्त्रीको कहिल्यै पनि ध्यान जाने गरेको छैन । त्यसैले अब देश आमूल परिवर्तनको बाटोमा अगाडि जाने स्पष्ट संकेतहरु देखिएका छन् । जसलाई नेपाल र नेपालीको पक्षमा पार्नका लागि सबै क्षेत्र र पक्ष सजग र सतर्क हुनु आबश्यक छ ।

## सम्पादकीय

# बडा दशैंले सबैमा खुसी ल्याओस्

दशैं भित्रिसक्यो तर नेपाली जनतामा कुनै उमंग छैन । वर्षभरिमा सबभन्दा महत्वपूर्ण चाड, आर्थिक-सामाजिक गतिविधिले सिंगो देश उमंगित हुने यो याम त्यति उत्साहित र उमंगित हुन सकेको छैन । चाडपर्व मनाउने औपचारिकता निर्वाहमा सक्रिय जनतामा खर्च गर्ने क्षमता घटेको छ । मलुकको आर्थिक क्षेत्रलाई नै चलायमान बनाउने अपेक्षा गरिएको दशैंमा खर्चको अभावमा चाडबाड मनाउने जाँगर नै देखाउन सकेनन् जनताले । चारैतिर निराशै निराशा भरिएको छ । आर्थिक समस्या, राजनीतिक अस्थिरता, शान्ति सुरक्षाको अभाव, महंगी, अभाव, कालोबजारीको मात्रा यति बढेको छ कि सन्तोष गर्नुपर्ने कुनै ठाउँ नै छैन ।

असत्यमाथि सत्यको विजय, शान्ति, भाइचारा र मेलमिलापको यो पत्रको अवसरमा पनि विद्वेष र विग्रहका नगराहरू बजिरहेका छन् । समाजलाई एकढिक्का बनाएर अघि बढ्न प्रेरणा दिने दशैं जस्तो पर्वलाई जात विशेषको पर्वका रूपमा अपव्याख्या गर्दै सहिष्णुता बिरोधी तत्वहरू सल्बलाइरहेका छन् । राजनीतिक नेतृत्वले यस्तो अवस्थाको अन्त्य गर्न पहल गर्नुको साटो व्यवस्था बिरोधीहरूले धार्मिक-सांस्कृतिक-सामाजिक सहिष्णुता बिरोधी गतिविधि गरे भनेर अमूक पात्र र शक्तिलाई आरोपित गरेर आफ्नो जिम्मेवारी सकिएको ठानिरहेका छन् । आफ्नो कमजोरी लुकाउने गलत अभ्यास गरिरहेका छन् ।

राष्ट्रिय पर्वका रूपमा स्वीकार्य दशैं मनाउन जनतालाई राहत दिने सवालमा सरकार पूर्ण रूपमा चुकेको छ । खुलेका केही दर्जन 'सुपथ मूल्य पसल'मा उपभोक्ताले आवश्यकताअनुसारको उपभोग्य बस्तु पाउन सकेका छैनन् । दुई किलो चिनीका लागि चार घण्टा लाइनमा बस्नुपर्ने बाध्यता छ । अत्यधिक मूल्य बढे पनि खुला बजारमा चिनी पाइँदैन । व्यापारीहरू चिनी हाकाहाकी विक्री गर्नसक्ने अवस्थामा छैनन् । कि सरकारले व्यापारीलाई मनलाग्दो गरेर विक्री गर भन्न सक्नुपर्छ, कि लुकाइएको चिनी जफ्त गरेर वितरण गर्न सक्नुपर्छ । जनता महंगो मूल्य तिरेर पनि किन्न नसक्ने अवस्थाको अन्त्य चाहन्छन । चाडबाडमा अभावका यो स्थितिले राष्ट्रिय निराशा उत्पन्न गरेको छ । देशको शासन व्यवस्थामा सुधार ल्याउने, जनतालाई सुविधा दिने, राहत दिने, विकास निर्माणमा छलाङ मार्ने अनि अर्थतन्त्रमा व्यापक सुधार ल्याउने हुँकार गरेको सरकारको नियति अहिले केवल सरकारदेखि सरकारसम्म मात्र सीमित छ ।

जनताले यति महत्वपूर्ण समयमा सरकार भएको अनुभूति गर्न सकेका छैनन् । सरकारले चासो नदिए पनि आम नेपाली जनताले दुःखजिलो गरेर चाडबाड मनाउने नै छन् । दशैं कुनै जात विशेषको पर्व नभएर सिंगो मुलुकको सांस्कृतिक सम्पदाका रूपमा मनाउनुपर्ने भएकाले यसलाई सोहीअनुसार मनाऔं, आफ्नो गच्छेअनुसार परिवारका साथ मिलेर दशैं मनाऔं । सहिष्णु भएर आपसमा सुख, शान्ति र समृद्धिको कामना गरौं । बडा दशैं २०८० को पावन अवसरमा विश्वका हरेक कुनामा रहेका नेपालीजनमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं !

# चाडपर्वमा उपभोक्ता ठगीको शिकार

**नेपालमा अधिकांश बजार अनुगमन उजुरीको आधारमा हुने गरेको छ। नेपाल सरकारले हालसम्म कुन कुन वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापडण्ड कुन कुन निकायले तयार गर्ने भन्ने एकिन हुन नसक्दा अधिकतम मूल्य आधिकारीक तथा सही हो वा होइन भन्ने समस्या नै छ यसको कारण लाखौ उपभोत्ता ठगिको शिकार हुनु परेको छ**



बिष्णु गिरी 'निश्चल'

नेपालीहरुका ठूला चार्डपर्व नजिकिए सँगै आम उपभोत्ताले थेग्न नसक्ने गरी अति आवसकिय बस्तुको मुल्य बुद्धि हुदाँ पनि सरोकारवाला निकाय मौन छ । छिटपुट बजार अनुगमन गरेको भने पनि त्यसको खासै प्रभाब परेको देखिदैन उपभोत्ताबादी संघ संस्थाले आवाज उठाएपनि अन्य क्षेत्र भने मौन नै छ । प्रत्येक वस्तु र सेवा किन्दा उपभोक्ताले कस्तो खाले अधिकार पाउँछन् भनी परिभाषित गरेको विषयलाई उपभोक्ता अधिकार भनिन्छ । उपभोक्ताको छनोटको अधिकार, उपभोक्ताको सुनुवाइको अधिकार, उपभोक्ताको सूचानसँग सम्बन्धित अधिकार, स्वच्छ सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु तथा सेवामा पहुँचको अधिकारलाई उपभोक्ता अधिकार हुन् ।

मुलुकमा उपभोक्ता सचेत छन् तर सक्रिय छैनन् । सबैभन्दा पहिला उजुरी गर्नुपर्छ । सक्रिय उपभोक्ताले मात्रै उजुरी गर्छन् । एकदुईपटक उजुरीको सुनुवाइका लागि धाउन थालेपछि वस्तु वा सेवा प्रवहा गर्ने पनि सचेत हुन्छन् । सबैभन्दा ठूलो कुरा त उपभोक्ता र उपभोगका लागि क्रियाशील व्यापारी वा सेवा प्रदायकको सचेतना नै हो । उपभोक्ता अधिकारको विषय उत्पादकले आफ्ना ग्राहकलाई हानी हुन दिनु हुँदैन भन्ने कानुनी मान्यताबाट प्रारम्भ भएको हो । उपभोक्ता आफूले किनेका सामान सुरक्षित छन् भन्ने मान्यता राख्छन् । यसमा वस्तुको तौल, गुणस्तर, गलत प्रचार प्रसार तथा विज्ञापन, बनोटको संरचना के के कति कति परिमाणमा परेको छ) भन्ने जानकारी गराउनु पनि हो । बजारमा हुने ठगी, उपभोक्तालाई झुक्याउने, गुमराहमा पार्नेजस्ता गलत क्रियाकलापबाट वस्तु वा सेवा खरिद गर्ने जनसाधारणको सुरक्षा गर्ने कार्य उपभोक्ता संरक्षण हो ।

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्थासमेत रहेको छ । खाद्य ऐन, २०६३ उपभोक्ताको स्वास्थ्य सुरक्षा कायम राख्ने प्रयोजनार्थ प्रबन्ध गरिएको हो । यस ऐनमा खाद्य, अखाद्य र न्यूनस्तरको खाद्य पदार्थहरु के के हुन् ? तिनीहरुका बीचमा के कस्ता भिन्नता हुन्छन् भन्ने विषय परिभाषित गरिएको पाइन्छ । प्रस्तुत ऐनले खाद्य पदार्थको स्वाभाविक गुण वा उपयोगिता घटाउन, झिक्न नपाइने, खाद्य पदार्थमा हुने अवाञ्छनीय मिसावट रोक्ने, खाद्य पदार्थको उचित गुणस्तर बनाई राख्नसमेत जोड दिएको छ । त्यसैगरी मानव स्वास्थ्यलाई हानी हुनेगरी सडे गलेको, फोहर मैला, विषाक्त अवस्थामा राखी तयार पारिएको, रोगी पशुपक्षी वा वनस्पतिबाट बनेको, तोकिएको भन्दा घटीबढी रसायन, कीटनाशक औषधिको प्रयोग भई मानवजातिले खाननहुने अयोग्य खाद्य पदार्थलाई दूषित खाद्य पदार्थको श्रेणीमा राखिएको छ । खाद्य ऐनबमोजिम कसुर ठहरिने विषय र सजायसम्बन्धी व्यवस्था देहाय बमोजिम छन् :न्यून स्तरको खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गरेको ठहरिने कसुर गर्ने व्यक्तिलाई रु ५,०००। जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय । दूषित खाद्य पदार्थ उत्पादन, विक्री वितरण गर्ने (जुन पदार्थ खानाले कसैको मृत्यु भएमा, मृत्यु हुने संभावना वा अपूरणीय क्षति भएमा ) व्यक्तिलाई २५,०००। सम्म जरिवाना, ३ वर्षसम्म कैद हुने र सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्तिलाई १,००,०००। सम्म क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै उपभोक्ता संरक्षण ऐन, २०५४ यो ऐन उपभोक्ताको संरक्षणको दिशामा महत्त्वपूर्ण मानिएको छ । ऐनमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्ने, उपभोक्ताको हक हित र अधिकारको संरक्षणका लागि वस्तु तथा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितता रोक्ने, वस्तु वा सेवाको गुणस्तर कायम गराउने, एकाधिकार, अनुचित व्यापारिक क्रियाकलाप र मूल्य वृद्धि तथा झुट्टा भ्रमात्मक प्रचारप्रसार हुन नदिने, सुरक्षित र गुणस्तरीय वस्तु वा सेवाको प्रबन्ध गर्ने उद्देश्यहरु रहेका छन् । उपभोक्ता संरक्षण ऐनअनुसार कसुर ठहरिने र त्यसमा हुने सजाय कसुरः कमसल वस्तुको उत्पादन, विक्री वितरण र मिलेमतो वा कार्टेलिङ गरी माल वस्तु वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम : सजाय : ३ वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै सजाय, कसुर : ढाँटी, झुक्याई, भ्रमात्मक प्रचारप्रसार गरी अनुचित व्यापारिक क्रियाकलाप गर्ने काममा, सजाय : पाँच वर्ष कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय, कसुर : उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरपार्ने किसिमको वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण गरेकोमा, सजाय : अधिकतम चौध वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने ब्यबस्था छ ।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ यो ऐनले सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्ने र निम्नानुसारका कसुरजन्य काम नियन्त्रण गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले निर्धारण गरी दिएको मोलभन्दा बढी मोल लिई माल वस्तुको विक्री गर्ने र माल वस्तुको उत्पादन, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई माल वस्तु विक्री गर्ने कार्यलाई कालोबजार मानिएको छ । कालो बजारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले व्यापारको प्रचलन अनुसार सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित लाभ लिई विक्री गरेमा नाफाखोरीको कसुर मानिने प्रबन्ध गरिएको छ । कुनै एक स्थानमा विक्री वितरण गर्न तोकी दिएको कोटाको लागि आयात गरिएको वा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा, विक्री गरेमा माल वस्तुको विचलन गरेको मानिन्छ । नाफाखोरीको कसुर र माल वस्तुको विचलनसम्बन्धी दुवै प्रकारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।जम्माखोरी वा कृत्रिम अभाव : बजारमा कुनै मालको कृत्रिम अभाव हुनेगरी सो मालको मूल्य वृद्धि गराएर त्यसबाट अनुचित नाफा लिई बजारमा विक्री गर्ने नियतले त्यस्तो माल वस्तुको संग्रह गरी विक्री नगरेमा जम्माखोरी गरेको मानिन्छ । कृत्रिम अभावसम्बन्धी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दस लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

*(लेखक अधिवक्ता हुन्)*

# बाह्र महिने द्वन्दले देशलाई थप बर्बादीतर्फ नडोऱ्याओस्



गोविन्द अधिकारी

सर्वत्र जुलुस विरोध प्रदर्शन र नियन्त्रणका लागि प्रहरीको उपस्थितिको अवस्था नियाल्दा लाग्छ मुलुक द्वन्द्वग्रस्त अवस्थामा पुगिसकेको छ । बाह्र महिनै यस्तो द्वन्दका कारण स्वदेश र विदेशमा वेइज्जती भइसकेको छ । तैपनि सरकार र राजनीतिक दलका नेताहरुलाई कुनै लाजघिन छैन । यदि लाजघिन थियो भने समस्या समाधानका लागि पहल गरिनु पर्ने थियो । मेरो गोरुको बाह्रै टक्काको ढिटले गर्दा अवस्था विस्तार भएर थप संकट निम्तिन सक्छ । साँच्चै श्रीलंकाको जस्तो नेताहरुलाई सडकमै घिसार्न पर्ने त होईन भन्ने प्रश्न उठ्न थालेका छन । जनतामा व्याप्त असन्तुष्टि, आक्रोश वितृष्णा र निराशाका आधारमा भन्ने हो भने विध्वंश र विनाश निम्तिन पनि सक्छ । सौभाग्य आजका मितिसम्म तोडफोड र आग्जनीका घट्ना भने घटेका छैनन् ।

आमजनता महंगी, अभाव र वेरोजगारीको शिकार बनेका छन । मुलुक निर्माणका लागि श्रम सिप र पसिना बगाउनुपर्ने युवाशक्ति विदेशिने क्रम जारी छ । तिनै युवाशक्तिको कमाइलाई रेमिट्यान्स मानेर गर्व गर्दै रम्ने काम निरिह सरकार गरिरहेको छ । विदेशी व्यापार घाटामा छ र देशका ग्रामीण भेगका जग्गा जमिन बाँझिएका छन् । कृषिजन्य आयआर्जन घट्दो छ । उद्योगधन्दा खुल्नु त परै छाडौं भएका समेत बन्द हुने अवस्थामा छन् । विदेशी ऋण र अनुदान घट्दो छ । राष्ट्रिय ढुकुटी रित्तिएको छ । यतिसम्म कि कतिपयले तलबसम्म पनि पाएका छैनन् । जसले गर्दा देश टाट पल्टिएको घोषणा गर्न मात्र बाँकी छ ।

समाज नराम्ररी भाँडिएको छ । राजनीतिक मात्र होइन जातीय र धार्मिक युद्धसमेत शुरु भइसकेको छ यस्तै क्रम बढ्दै जाने हो भने मुलुक सिंगापुर र स्विटजरल्याण्ड होइन श्रीलंका र इथोपिया र इजरायल बन्यो भने आश्चार्य नमाने हुन्छ । तैपनि राजनीतिक नेतृत्वको हठ भने लुटको साम्राज्य विस्तार गर्नमा नै व्यग्र भएर लागिपरेको छ । मुलुक नै गृहयुद्धको संघारमा धकेलिएको अवस्थामा लुटको साम्राज्य पनि त कतिदिन नै कायम रहला र ? त्यसैले आर्थिक रुपमा खटिखङ्गर देशले पतनको मार्ग पछ्याउँदै छ ।

किसान, शिक्षक र निजामती सेवाका कर्मचारीहरुसमेत संघर्षको मैदानमा उत्रिसकेका छन । अरु त अरु उद्योगी र व्यापारीहरु समेत द्वन्दमा सामेल भइसकेका छन् । धर्मगुरुहरु नै आन्दोलित भइसकेको अवस्थामा द्वन्द बढेर जाने नै भयो । द्वन्द पनि निम्त्याइएको द्वन्द हो । फरक कति हो भने यतिबेलाको द्वन्द विदेश वा स्वदेशबाट लादिएको नभएर तल्लो तहबाटै स्वःस्फुर्त रुपमा जागृत हो । त्यसैले द्वन्द विस्तार हुँदै जाँदा गृहयुद्धमा रुपान्तरित हुने हो कि भन्ने आशंकाले आमनागरिकलाई पिरोल्न थालेको छ । द्वन्दको प्रकृति नियाल्दा आमूल परिवर्तनको प्रवल संभावना छ । एकपछि अर्को द्वन्द चाहने नेपालीको चाहना भने पूरा हुने नै छ ।

दश बर्से द्वन्दकालमा कुकुरको मासु खाए भन्ने चर्चा चलेको थियो । त्यतिबेला गाईको मासु त मामुली कुरा थियो । यतिबेला पनि धरानमा गोरु काटेर खाएको दृश्य सामाजिक सञ्जालमा देखियो अब बाँकि कंगोमा जस्तै मान्छेले मान्छेको मासु खान मात्र छ । लाग्छ मान्छेले मान्छेको मासु खाने दिन पनि छिट्टै आउँन सक्छ । महंगी र अभाव बढ्दै गएको छ । जनजीविका कष्टकर बनेको छ । भोक मेटेर पापी पेट त भर्नै पर्‍यो । त्यसैले मान्छेले मान्छेको मासु खान पनि बेर लाग्ने छैन । नेपालीले गर्ने भनेकै विदेशीको सिको हो । धर्म युरोप र अमेरीकाको अनुशरण गरे पनि मान्छे खाने परम्परा भने कंगोको अपनाईने छ ।

नेपालीहरु क्रान्तिकारी छन । वीर गोर्खालीका सन्ततिलाई क्रान्ति मन पर्नुपनि स्वभाविकै हो त्यसैले त बाह्र महिने द्वन्द संस्थागत भएको छ । आम नेपाली जनता यस्ता द्वन्द र क्रन्तिमा सरिक भएका पनि छैनन् । अब भने द्वन्दमा सरिक हुने नेपालीको रहर भन्दा पनि बाध्यता हुदैछ । जातीय, राजनीतिक, धार्मिक र सामजिक द्वन्दको समाधान अनिवार्य भइसकेको छ । आम नेपालीको द्वन्दको प्रतिवाद सत्ताधारीबाहेक कसैले नगर्ने पनि निश्चित नै छ ।

सरकार द्वन्द नियन्त्रण गर्न असमर्थ छ भन्ने कुराको पुष्टि त मधेश आन्दोलनले नै गरेको छ । यतिबेला त मधेशको द्वन्द जस्तो सिमित द्वन्द मात्र होइन धरानदेखि नेपालगञ्जसम्मको द्वन्दको प्रकृति नियाल्दा देशव्यापी रुप लिने संभावना पनि छ । द्वन्दको क्रममा माग र विषय पनि थप हुन सक्छ । भन्न त राजनीतिक दलका नेताहरु प्राप्त उपलब्धि संस्थागत गर्ने भन्थे । अन्य प्राप्त उपलब्धि संस्थागत गर्न राजनीतिक दलहरु समर्थ भएनन् । त्यसैले द्वन्द भने संस्थागत गर्ने सामर्थ्य राख्लान जस्तो छ । यद्यापि द्वन्द वितण्डावदीहरुको अभिरुचिको विषय नै हो । त्यसैले द्वन्द विस्तार हुने नै पनि भयो ।

एकपछि अर्को द्वन्द गर्ने नेपालीहरुको आदत नै भइसकेको छ । २००७ सालदेखि आजसम्मको पटक पटकका द्वन्दको गणना गर्दा आधा दर्जनभन्दा बढी भइसकेका छन् । अबको द्वन्दले संख्या बढाउँने प्रयत्न गर्दैछ । नेपालीको द्वन्द सफल हुने हो भने अर्को परिवर्तन निश्चित छ । नेपालीहरु परिवर्तनबाट वाक्क दिक्क भइसकेका छन् । त्यसैले यतिबेला नेपालीहरु आमूल परिवर्तनको पक्षमा छन् । आमूल परिवर्तनले राजनीतिक दल र तिनका नेताहरुलाई मात्र होइन राजनीतिक प्रणालीलाई समेत हुत्याउने पक्कापक्की छ । राजनीतिको प्रयोगशालामा अर्को नयाँ प्रयोग गरिदै छ । प्रयोग हो सफल असफल जे भएपनि कसैलाई मतलब छैन ।

आमूल परिवर्तन जति सजिलो छ त्यति नै कठिन नेपालीका लागि परिवर्तन संस्थागत गर्न छ । विकृति र विसंगतिको अन्य गर्न परिवर्तन गरिन्छ तर परिवर्तनपश्चात पनि अन्त्य गर्न भने कठिन छ । किनभने सर्वत्र लथालिंग र भताभुंग भएको हुनाले कहाँबाट के सम्हाल्ने भन्ने छुट्याउनै कठिन छ । नेपालमा परिवर्तन संस्थागत गर्ने हो भने सद्दाम हुसेन नै आवश्यक छ । तर वामे सर्न नसक्दै दौडिनुपर्ने कठोर शासन पच्छ भन्ने विश्वास चैं गर्न सकिंदैन ।










बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दाङ, लुम्बिनी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोल्पा, लुम्बिनी प्रदेश , नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

## एसीएसआई सर्वेक्षणमा एलजी शीर्ष स्थानमा




काठमाडौं । एलजी इलेक्ट्रोनिक्सले टीभी र प्रमुख होम अप्लाइन्सेसको लागि २०२३ अमेरिकी कस्टमर स्याटिसफ्याक्सन इन्डेक्स (एसीएसआई) सर्वेक्षणबाट उत्कृष्टताको मान्यता प्राप्त गरेको जनाएको छ । ग्राहकको प्रतिक्रियामा आधारित उत्कृष्ट उत्पादन प्रदान गरेर उपभोक्ताको दैनिक जीवनलाई समृद्ध बनाउने एलजीको दृढ प्रतिबद्धतालाई एसीएसआई नतिजाहरूले जोड दिन्छ । एसीएसआई एक प्रख्यात र एक मात्र अमेरिकी संस्था हो जसले उद्योगहरूको ग्राहकको सन्तुष्टि मापन गर्दछ। दुई दशकभन्दा बढी विशेषज्ञता भएको उक्त संस्थाले विभिन्न प्रकारका उद्योगहरूको विस्तृत मूल्यांकन गर्दछ । एसीएसआई सर्वेक्षणको निष्कर्ष अत्यन्त विश्वसनीय मानिन्छ जुन ५ लाख भन्दा बढी ग्राहकहरूको अन्तर्वार्ताबाट निकालिएको हो ।

कम्पनीका अनुसार एलजीले यस वर्षको एसीएसआई टीभी क्याटगोरीमा ८३ स्कोर रेकर्ड कायम गरी शीर्ष स्थान हासिल गर्न सफल रहेको कम्पनीको दावी छ । एलजी टिभीले उत्पादनको स्थायित्व, इन्टर्नल कन्फिगरेसन, बाहिरी डिजाइन र वारेन्टी कभरेज लगायत धेरै क्याटगोरीमा ग्राहकमाझ लगातार उत्कृष्ट प्रदर्शन गरेको बताइएको छ ।

## नमस्ते पे को उडान बुकिङमा क्यासब्याक

काठमाडौं । नमस्ते पे मार्फत उडान टिकिट बुकिङ गर्ने यात्रुलाई दुई सय रुपैयाँ क्यास ब्याक प्रदान गर्ने भएको छ । जसअन्तर्गत नमस्तेपे मार्फत आफ्नो उडान टिकट खरिद गर्ने यात्रुहरुले प्रत्येक टिकटमा तत्कालै उक्त क्यासब्याक प्राप्त गर्ने विज्ञप्तिमा उल्लेख छ । यो अभियान १ कात्तिकबाट सुरु हुने छ । उडान कर्ताहरूले क्यासब्याकको लागि नमस्ते पेमार्फत आफ्नो उडान टिकट खरिद गर्नुपर्ने व्यवस्था गरेको छ ।

NAMASTE PAY
Payment को सरल way

## सिद्धार्थ बैंकको ४.२१ प्रतिशत लाभांश प्रस्ताव




काठमाडौं । सिद्धार्थ बैंकले गत आर्थिक वर्षको नाफाबाट आफ्ना सेयरधनी लगानीकर्तालाई नगद लाभांश वितरण गर्ने भएको छ । बैंकले आर्थिक वर्ष २०७९/०८० को नाफाबाट ४.२१ प्रतिशत अर्थात् कूल ५९ करोड ३१ लाख ८८ हजार १६६ रुपैयाँ नगद लाभांश बाँड्ने भएको हो । बैंक सञ्चालक समितिको बैठकले उक्त लाभांश वितरणको निर्णय गरेको हो । बैंकद्वारा प्रस्तावित लाभांश आगामी साधारणसभाबाट पारित भएपछि केन्द्रीय बैंकको स्वीकृति पश्चात् वितरण हुनेछ । हाल बैंकको चुक्ता पुँजी १४ अर्ब ८ करोड ९९ लाख ८० हजार १९० रुपैयाँ रहेको छ । सोही पुँजीको ४.२१ प्रतिशतले हुन आउने रकम बराबरको लभांश बैंकले बाड्न लागेको हो ।














### सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

### बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल


**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**


### छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल


**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

## एन आई सी एशियाको २६ औं साधारण सभा




काठमाडौं । एन आई सी एशिया बैंक लिमिटेडको २६ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सभाले गत आर्थिक वर्ष २०७९/८० को सञ्चित मुनाफाबाट बैंकको चुक्ता पुँजीको २९ प्रतिशत बोनश शेयर र कर प्रयोजनार्थ १.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गरेको छ ।

बैंकको २६ औं वार्षिक साधारण सभाले २९ प्रतिशत बोनश शेयर पारित गरेपश्चात् बैंकको कुल चुक्ता पूँजी १४ अर्ब ९१ करोड ७५ लाख ६६ हजार ९ सय २२ पुगेको छ। साथै, सभाले आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक विवरणहरू उपर छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ । बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६३१ एटिएम, ११० वटा विस्तारित काउन्टर एवं ६१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको पनि बताएको छ ।

## ग्लोबल बैंकका ग्राहकलाई डिजिटल कारोबारमा क्यासब्याक




काठमाडौं । ग्लोबल आइएमई बैंकले वडा दशैंको अवसरमा 'ग्लोबल आइएमई बैंक को साथमा दशैं रमाईलो' भन्ने नार ासहित विभिन्न डिजिटल कारोबारमा छुट तथा क्यासब्याक योजना सार्वजनिक गरेको छ । बैंकको डेबिट तथा क्रेडिट कार्ड बाहक महानुभावहरुले आफुलाई आवश्यक सरसामानहरु खरिद गर्दा बैंकको कार्ड प्रयोग गरी पिओएस मेसिनबाट भुक्तानी गर्दा ३०० देखी ५०० रुपैयाँसम्मको नगद फिर्ता हुनेछ ।

## आइएमई र अस्ट्र टेकको बोटिम टेक्नोलोजीबीच समझदारी



काठमाडौं । नेपालको नेतृत्वदायी रेमिटेन्स सेवा प्रदायक कम्पनी आइएमई र मध्यपूर्व लगायत १५५ देशहरुमा सन्चालनमा रहेको अस्ट्र टेकद्वारा प्रवर्दित बोटिम अल्ट्रा एप मार्फत नेपालमा रकम पठाउन र डिजिटल रेमिटेन्स सेवा प्रवर्द्धन गर्ने समझदारी भएको छ ।

सम्झौता अनुसार युएईको केन्द्रीय बैङ्कबाट इजाजत पत्र प्राप्त लोकप्रिय बोटिम अल्ट्रा एप मार्फत आइएमईको डिजिटल वालेट आइएमई पे मा सोझै रकम पठाउन सकिने गरि डिजिटल रेमिटेन्सलाई प्रर्वद्धन गर्न दुवै पक्षले सहकार्य गर्ने छन् । यस रणनीतिक सहकार्य मार्फत डिजिटल वित्तीय समावेशितालाई थप प्रर्वद्धन गर्दै कारोबारको डिजिटल रुपान्तरणमा ठुलो सहयोग पुग्नुको साथै आइएमईका सेवाग्राहीहरूलाई अत्याधुनिक सूचना प्रविधिमा आधारित वित्तीय सेवा प्रदान गर्ने आइएमईको उद्देश्य हासिल गर्न सहयोग पुग्ने पनि आइएमईका प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गर्नु भयो । अस्ट्र टेकका प्रमुख व्यापार अधिकृत मार्क मिशेलले "आइएमई नेपालसँगको साझेदारीबाट उत्साहित रहेको बताउँदै वित्तीय सेवालाई सबैका लागि थप पहुँचयोग्य बनाउन महत्त्वपूर्ण कदम रहेको उल्लेख गरेका छन् ।













### हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी, (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

### ताराखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागलुङ, गण्डकी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

### कोटहीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

# सिटिजन्स बैंकको अध्यक्षमा प्रबलजंग पाण्डे नियुक्त



Citizens Bank International Ltd. सिटिजन्स् बैंक इन्टरनेसनल लि. YOUR PARTNER FOR PROGRESS

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको अध्यक्षमा प्रबलजंग पाण्डे नियुक्त भएका छन्। शुक्रबार सम्पन्न १७औं वार्षिक साधारण सभापछि बसेको बैंक सञ्चालक समितिको बैठकले सञ्चालक पाण्डेलाई अध्यक्षमा चयन गरेको हो । उनी मर्जर तथा एक्विजिसन समितिको सदस्य भएका बेला बैंकले तिनाउ मिसन विकास बैंक, सृजना फाइनान्स र सहयोगी विकास बैंकलाई प्राप्ति गरेको थियो ।

संस्थापक सेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गरेका अध्यक्ष पाण्डे बैंकका प्रमुख लगानीकर्तामध्येका हुन् । इन्जिनियरिङ संकायमा स्नातक गरेका पाण्डे विगत दुई दशकभन्दा बढी समयदेखि सिमेन्ट तथा औषधी उत्पादनजन्य उद्योग तथा व्यापार व्यवसायमा सक्रिय छन् । नेपाल उद्योग वाणिज्य महासंघ लगायत विभिन्न सामाजिक संघसंस्थाहरुमा आबद्ध भई नेतृत्वदायी भूमिका निभाएका पाण्डेको अनुभवी नेतृत्वमा बैंकले अझ बढी सफलता प्राप्त गर्ने विश्वास लिएको सञ्चालक समितिले जनाएको छ । आजै भएको १७औं वार्षिक साधारण सभाबाट सीता कार्की, सजन शर्मा, दिग्विजय विष्ट, सञ्चालक समितिको सदस्यमा निर्वाचित भएका छन् । बैंकमा ७ जना सञ्चालक रहेकामा सर्वसाधारणको तर्फबाट प्रकाशचन्द्र मैनाली, विजयध्वज कार्की र स्वतन्त्र सञ्चालकमा अनिल ज्ञवाली रहेका छन् ।




RASUWAGADHI HYDROPOWER CO. LTD.
रसुवागढी हाइड्रोपावर कं.लि.
2011 A.D.
Rasuwagadhi Hydropower Company Limited
House No: 223, Kapan Marg, Ward No-3, Chakrapath Maharajgunj, Kathmandu, Nepal
Phone No.: 014371744, 4371794, Fax: 014371725












**यसोधरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गोरखा, गण्डकी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



**मर्स्याङ्दी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

## दशैंले...

मुलुकको वार्षिक बजेटको आकार करिब १७ खर्ब हाराहारी छ । तर, यसै वर्षमात्र महालेखापरीक्षकको कार्यालयको ५९ औं वार्षिक प्रतिवेदनमा मुलुकको बेरुजुको आकार ९ खर्ब ६९ अर्ब हाराहारी रहेको तथ्यांक सार्वजनिक गरेको छ । यस्तो दयनीय अवस्थाले मुलुक व्यापक आर्थिक अनियमितता, भ्रष्टाचारका साथसाथै वित्तीय अनुशासनहीनतामा चुर्लुम्म डुबिसकेको स्पष्ट देखिन्छ । यस्तो स्थितिको अन्त्य गरी मुलुकमा सुशासन कायम गर्ने र आर्थिक अनुशासन भंग गर्नेलाई दण्डित गर्ने परिपाटी बन्न नसक्दा अरु संकटको अवस्था सिर्जना भैरहेको छ । सरकार सुशासन कायम गर्न र भ्रष्टाचार निवारणमा दृढ रहेको जतिसुकै दावी गरे पनि अबौं अर्बको अनियमिततामा आँखा चिम्लिर केही हजार वा लाख रुपैयाँ घूस खानेहरुलाई कारबाही गर्छ । राजनीतिक शक्ति आर्जनका लागि सोहीअनुसारको व्यवहार गर्छ । तर, ९ खर्बको बेरुजु फर्स्योट गर्नेतिर आँखा चिम्लिन्छ । संकटको यो घडीमा बेरुजु उठाउनेतिर लाग्ने हो भने विग्रदो अर्थतन्त्र सहजै उकासिन्छ । तर, सरकार त्यो चाहँदैन । कारण स्पष्ट छ- जति संकट देखायो उति ऋण, अनुदान लिन सकिन्छ । आन्तरिक अवस्थामा सुधार गरेर आफू र आफ्नाको खानेबाटो छेक्नुभन्दा मुलुकको बेइज्जत गरेरै भए पनि ऋण-दान माग्नु सरकारका लागि सजिलो छ ।

नेपालमा शासनसत्तामा बस्नेहरुको एउटै ध्येय छ- बढीभन्दा बढी युवालाई विदेश पठाउने र उनीहरुले उताबाट पठाएको रकमबाट आयात गरी जनता पाल्ने । देशभित्र उत्पादन नै गर्नुपर्दैन । देशमा युवाशक्ति बसे भने त्यसले विद्रोहको रुप लिनसक्छ । सरकारलाई देश र जनताप्रति प्रतिबद्ध हुन दवाव सिर्जना हुन्छ । यसै भएर सरकार त्यसो चाहँदैन । विप्रेषण भित्रियोस्, आयात गरेर भन्सार राजश्व चुलियोस्, गाउँघरका मानिसहरु सहरमा डेरा गरेर रंगीन टेलिभिजन हेरेर बसुन् । अनि सुखी नेपाली समृद्ध नेपालको नारा घन्काउन पाइयोस् । अहिलेको यथार्थ अवस्था यस्तै छ ।

तर, यस्तै अवस्था कायम रहने हो भने अब मुलुक बर्बादीमा जान धेरै समय लाग्दैन । जबसम्म देशमा उत्पादन हुँदैन तबसम्म त्यो देशको अर्थतन्त्र दिगो हुँदैन, आर्थिकवृद्धि हुँदैन । तर, नेपालमा उत्पादन गर्ने शक्ति नै विदेश धपाउने प्रवृत्ति छ । हुँदाहुँदा अब चिकित्सक, प्राविधिक, व्यवसायीहरुलाई समेत पलायनको ढोका खोल्दै गएको छ । किसानलाई राहत छैन, कृषि उत्पादन घट्दो क्रममा छ । पशुधन स्वाहा भएको छ । तैपनि सरकार आफ्नै सुरमा मुलुक विकासको गतिमा अघि बढिरहेको, सुशासन कायम भैरहेको, जनताले सुख पाउँदै गएको कुरा 'गोयलबल्स' शैलीमा भट्याइरहेको छ ।

सरकारी वेवास्ताका कारण आर्थिक अवस्था यति नाजुक अवस्थामा पुगेको अर्को दृष्टान्त हो लम्पी स्किनका कारण भएको क्षति । मुलुकका ७७ जिल्लाका १५ लाख १९ हजार ७७९ पशुमा लम्पी स्किनको सङ्क्रमणकै कारण किसानले ७४ अर्ब ६७ करोड रुपियाँ बराबरको आर्थिक क्षति बेहोरेका छन् । अध्ययनअनुसार एउटा स्वस्थ पशुमा लम्पीको सङ्क्रमण भएमा ४९ हजार १३५ रुपियाँको आर्थिक क्षति हुन्छ । सरकारी तथ्यांकमा सहरमा बस्ने मानिसको संख्या बढेको र जीवनस्तरमा व्यापक सुधार भैरहेको उल्लेख हुने गरे पनि वास्तविकता त्यस्तो छैन । अझै पनि ग्रामीण भेगमा बस्ने मानिसको संख्या उल्लेख्य छ । शहरी क्षेत्रमा बसोबास बढ्नुको एउटै कारण वैदेशिक रोजगारी हो र यो अस्थायी छ । दिगो र टिकाउ आर्थिक अवस्थाको जग ग्रामीण अर्थतन्त्र हो र यसको मेरुदण्ड कृषि तथा पशुधनलाई मानिन्छ । तर, सरकारले समयमै चासो नदिंदा ग्रामीण क्षेत्रका किसानको पौने खर्ब रुपैयाँ बराबरको क्षति हुनु दुर्भाग्य हो । यसको असर आगामी धेरै वर्षसम्म कायम रहन्छ ।

लम्पीको सङ्क्रमणकै कारणले दुध उत्पादन, जैविक मल उत्पादन, पशुलाई खनजोत र ढुवानीमा प्रयोग गर्ने अवस्था मात्रै कुल गार्हस्थ उत्पादनसँग जोडिने भएकाले यसले तत्कालै ठुलो असर नपार्ने बताइए पनि तर कृषि र पशुपालनले कुल गार्हस्थ उत्पादनमा ठुलो योगदान पुऱ्याउने भएकाले यसले दीर्घकालीन रूपमा समस्या निम्त्याउन सक्नेमा कुनै विमती छैन । अहिले कूलमा ७४ अर्बको क्षति पुगेको र अहिले उत्पादनमा मात्र असर आउने देखिए पनि मरेका पशुको सट्टामा नयाँ पशु खरिद गर्न, उपचार, पोषणमा लाग्ने खर्चले कुल आयमा भने असर पार्नेछ । अहिले कुल गार्हस्थ उत्पादनमा कृषि र पशुको २३ प्रतिशत योगदान रहेको र पशु मात्रैको योगदान छ प्रतिशत रहेको सन्दर्भमा पशुको क्षेत्रबाट भएको आर्थिक क्षतिले गरिब किसानलाई झन् गरिब बनाउने छ ।


बडा दशैंको शुभकामना

तेलको थोपा-थोपा जोगाऔं
इन्धन खर्च घटाऔं

जगदीश चन्द्र यादव
प्रमुख
नेपाल आयल निगम, प्रादेशिक कार्यालय
भैरहवा



### सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

**सामाजिक सञ्जालमा :**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावना खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठान र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोग लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

*जस्ता विषयवस्तु पोष्ट वा शेयर गर्नु हुँदैन । त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



### देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ, गण्डकी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



### कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा, गण्डकी प्रदेश, नेपाल



**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



### म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ, गण्डकी प्रदेश, नेपाल



**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**







WorldRemit
Send money to
NEPAL
BANK
CREDIT CARD
SAMSARA
REMIT
विश्वास र सम्बन्ध सधैं
1660-01-71819 (Toll Free)
Kholagal Marg, Lazimpat
www.samsararemit.com




सिर्जना ईलेक्ट्रोनिक्स सप
SRIJANA ELECTRONICS SHOP
गोकर्णेश्वर-८, अत्तरखेल, मेडिकल कलेज
9851099625
ग्राहक वर्गहरूमा विशेष छुट ......
OPENING NOW
दशैं, तिहार, छठ पर्वको शुभकामना सहित
सम्पूर्ण ग्राहक वर्गहरूमा हरेक सामान खरिद गरे बापत
विशेष छुटको व्यवस्था गरिएको छ ।
SAMSUNG Galaxy series
oppo




prabhu bank
KHUTRUKE SAVINGS
SAVING FOR TOMORROW
START TODAY
SPECIAL FEATURE
Minimum Balance – NPR 1,000
Competitive Interest Rate
prabhu bank
Prabhu Building, Babarmahal
Post Box no.: 19441
Phone: +977 1 4788500
Fax: +977 1 4780588
E-mail: info@prabhubank.com
Toll Free No
16600107777
www.prabhubank.com
Swift Code: PRVUNPKA




जीवन रंङ्गीन बन्छ
सहयात्रा जब विश्वास र
जिम्मेवारीको हुन्छ
लुम्बिनी सहयात्रा
बचत खाता
नि:शुल्क
Visa Debit Card जारी
Cheque Book
ABBS
Mobile Banking
Internet Banking सेवा
१ लाख बराबरको स्वास्थ्य बीमा सुविधा
५ लाख बराबरको दुर्घटना बीमा सुविधा
लकर शुल्कमा ५०% छुट
ईन्स्योरेन्स पार्टनर: नेको इन्स्योरेन्स लि. Neco Insurance Ltd.
लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा